**आकाशवाणी समाचार- नेपाली**

मितिः ०५ सितम्बर २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदीले वस्तु तथा सेवा कर (जीएसटी) को तर्कसंगत बनाउनलाई स्वतन्त्रतापछिको सबैभन्दा ठूलो सुधारको रूपमा वर्णन गर्नुभएको छ।

२. शिक्षक दिवस अवसरमा आज राष्ट्रपति द्रौपदी मुर्मुले नयाँ दिल्लीको विज्ञान भवनमा शिक्षकहरूलाई राष्ट्रिय पुरस्कार प्रदान गर्नु हुनेछ।

३. भुटानका प्रधानमन्त्री छिरिङ तोब्गेले हिजो बिहारको बोधगयामा रहेको पवित्र महाबोधि मन्दिरको भ्रमण गर्नुभयो। उहाँले आज नयाँ दिल्लीमा विदेश मन्त्री डा. एस. जयशंकरलाई भेट्नुहुनेछ।

४. खाद्य तथा सार्वजनिक वितरण विभागले सार्वजनिक वितरण सम्बन्धी राष्ट्रव्यापी व्यापक मूल्याङ्कन प्रतिवेदन केन्द्रीय मन्त्री प्रह्लाद जोशीलाई बुझाएको छ।

५. तेलंगानाले वर्षा प्रभावित क्षेत्रहरूमा पुनर्स्थापना कार्यको लागि सहायताको रूपमा तत्काल 16 हजार सात सय 32 करोड़ रुपियाँ जारी गर्न केन्द्रलाई अनुरोध गरेको छ।

**प्रधानमन्त्री - जीएसटी**

प्रधानमन्त्री नरेन्द्र मोदीले वस्तु तथा सेवा कर (जीएसटी) को तर्कसंगत बनाउनुलाई स्वतन्त्रतापछिको सबैभन्दा ठूलो सुधारको रूपमा वर्णन गर्नुभएको छ। श्री मोदीले भन्नुभयो, यो कदमले धेरै वस्तुहरूमा कर घटाएर मध्यम वर्गको खल्तीमा पैसा ल्याउने अपेक्षा गरिएको छ। उहाँले भन्नुभयो, जीवन बचाउने औषधि जस्ता आवश्यक वस्तुहरूमा कर पूर्ण रूपमा हटाइनेछ। श्री मोदीले भन्नुभयो, दुवै कर स्ल्याबहरू नवरात्रिको पहिलो दिन, २२ सेप्टेम्बरदेखि लागू हुनेछन्। उहाँले भन्नुभयो कि मानिसहरूले नवरात्रिको पहिलो दिनबाट लाभ लिन थाल्नेछन् र यस पटक धनतेरस अझ जीवन्त हुनेछ।

**बाइट**

श्री मोदीले भन्नुभयो, उहाँले लाल किल्लाको पर्खालबाट दिवाली र छठ अघि अर्को पुस्ताको जीएसटी सुधारहरूको "डबल धमाका" गर्ने वाचा गर्नुभएको थियो।

**बाइट**

**शिक्षक दिवस**

आज शिक्षक दिवस हो। यो दिन शिक्षाविद् तथा पूर्व राष्ट्रपति डा. सर्वपल्ली राधाकृष्णनको जन्मजयन्तीको अवसरमा मनाइन्छ। राष्ट्रपति द्रौपदी मुर्मुले आज नयाँ दिल्लीको विज्ञान भवनमा शिक्षकहरूलाई राष्ट्रिय पुरस्कार प्रदान गर्नु हुनेछ। यो प्रतिष्ठित वार्षिक पुरस्कार उत्कृष्ट शिक्षकहरूलाई प्रदान गरिन्छ जसले आफ्नो समर्पण र प्रतिबद्धतामार्फत शिक्षामा गुणस्तर ल्याएका छन् र विद्यार्थीहरूको जीवनमा गहिरो प्रभाव पारेका छन्।प्रधानमन्त्री नरेन्द्र मोदीले हिजो नयाँ दिल्लीमा राष्ट्रिय पुरस्कार

विजेता शिक्षकहरूसँग अन्तरक्रिया गर्नुभयो। यस अवसरमा श्री मोदीले भारतीय समाजमा शिक्षकहरूप्रतिको स्वाभाविक सम्मानको कदर गर्नुभयो र उहाँहरूलाई राष्ट्र निर्माणमा एक शक्तिशाली शक्तिको रूपमा वर्णन गर्नुभयो। उहाँले शिक्षकहरूलाई सम्मान गर्नु केवल परम्परा मात्र नभई उनीहरूको जीवनभरको समर्पण र प्रभावको मान्यता हो भन्ने कुरामा जोड दिनुभयो।प्रधानमन्त्रीले राष्ट्रिय शिक्षक पुरस्कार प्राप्त गर्ने सबै शिक्षकहरूलाई हार्दिक बधाई दिनु भयो। श्री मोदीले भन्नु भयो, उहाँहरूको छनोट उहाँहरूको कडा परिश्रम र अटल समर्पणको प्रतीक हो। प्रधानमन्त्रीले भन्नु भयो, शिक्षकहरूले वर्तमान मात्र होइन राष्ट्रको भविष्यलाई पनि आकार दिन्छन्।

**इलेक्ट्रोनिक्स-जीएसटी सुधारहरू**

प्रधानमन्त्री नरेन्द्र मोदीले स्वतन्त्रता दिवसको अवसरमा लाल किल्लाबाट आगामी पुस्ताको जीएसटी सुधारहरूको घोषणा गर्नु भएको थियो। कुशल र नागरिक अनुकूल अर्थव्यवस्थाको प्रधानमन्त्रीको दृष्टिकोणलाई साकार पार्दै, जीएसटी परिषद्ले ३ सेप्टेम्बरमा आम मानिसलाई केन्द्रित गर्दै जीएसटी दरहरूको युक्तिसंगत बनाउन अनुमोदन गऱ्यो। यी सुधारहरूले धेरै क्षेत्रहरूमा कर दरहरू घटाएर आम मानिसको जीवनलाई सजिलो बनायो। आज हामी इलेक्ट्रोनिक उपकरणहरूको क्षेत्रमा गरिएका सुधारहरूको बारेमा जानकारी दिइरहेका छौं।

**बाइट**

**बिहार-उप राष्ट्रपति उम्मेदवार**

उप राष्ट्रपति चुनावका लागि विपक्षी भारतीय गठबन्धनका उम्मेदवार बी सुदर्शन रेड्डीले आफ्नो नाममा सहमति बनाउन हिजो पटनामा विभिन्न राजनीतिक दलका नेताहरूसँग वार्ता गर्नु भयो। आफ्नो सम्पर्क अभियानमा, श्री रेड्डीले राष्ट्रिय जनता दलका अध्यक्ष लालु प्रसाद, कांग्रेस नेताहरू, विकासशील इन्सान पार्टीका प्रमुख मुकेश साहनी र वामपन्थी दलका नेताहरूसँग भेट गर्नु भयो।

**भुटानका प्रधानमन्त्री-बिहार भ्रमण**

भुटानका प्रधानमन्त्री छिरिङ तोब्गेले हिजो बिहारको बोधगयामा रहेको पवित्र महाबोधि मन्दिरको भ्रमण गर्नुभयो। श्री तोब्गेले युनेस्कोको विश्व सम्पदा स्थल महाबोधि मन्दिर बोधगयामा प्रार्थना गर्नुभयो, जहाँ भगवान बुद्धले ज्ञान प्राप्त गर्नुभएको थियो। गया जिल्ला अधिकारी तथा बोधगया मन्दिर व्यवस्थापन समितिका अध्यक्ष शशांक शुभंकर र अन्य अधिकारीहरूले श्री तोब्गेलाई स्वागत गर्नुभयो। मन्दिर व्यवस्थापन समितिका सचिव डा. महाश्वेता महारथीले प्रधानमन्त्रीलाई महाबोधि महाविहारको ऐतिहासिक र आध्यात्मिक महत्त्वको बारेमा जानकारी गराउनु भयो।आतिथ्यको लागि कृतज्ञता व्यक्त गर्दै, भुटानका प्रधानमन्त्रीले यस प्रतिष्ठित आध्यात्मिक सम्पदा स्थलसँग जोडिन पाउँदा आफूलाई भाग्यशाली महसुस भएको बताउनु भएको छ। श्री तोब्गेको भ्रमणले भुटान र भारतबीचको सांस्कृतिक आदानप्रदान, मित्रता र पारस्परिक सम्मानको स्थायी बन्धनलाई प्रतिबिम्बित गर्दछ र बोधगयाको शाश्वत आध्यात्मिक सम्पदाको सम्मानलाई अझ बलियो बनाउँछ।विदेश मन्त्रालयका अनुसार, चार दिने भ्रमणको क्रममा, उहाँ नयाँ दिल्ली आउनु अघि गया र अयोध्यामा हुने कार्यक्रमहरूमा भाग लिनु हुनेछ। विदेश मन्त्रालयले भनेको छ, श्री तोब्गेले नयाँ दिल्लीमा विदेश मन्त्री डा. एस. जयशंकरलाई भेट्नुहुनेछ।

**प्रह्लाद-जोशी-सार्वजनिक-वितरण**

खाद्य तथा सार्वजनिक वितरण विभागले सार्वजनिक वितरण सम्बन्धी राष्ट्रव्यापी व्यापक मूल्याङ्कन प्रतिवेदन केन्द्रीय मन्त्री प्रह्लाद जोशीलाई बुझाएको छ। प्रतिवेदनले देशभरका एक सय बाह्र आकांक्षी जिल्लाहरूमा खरिद, भण्डारण र शिकायत निवारणसहित सार्वजनिक वितरणका प्रमुख पक्षहरूको मूल्याङ्कन गर्दछ। विभागले भनेको छ, समीक्षामा २७७ उचित मूल्य पसल, लाभार्थी, डिपो, खरिद केन्द्रहरूमा मानिसहरूसँग अन्तरक्रिया र गुनासोकर्ताहरूको प्रतिक्रिया समावेश छ। प्रतिवेदन तयार गर्नु अघि जिल्ला प्रशासन र अन्य अधिकारीहरूसँग प्रणालीगत सुधारहरू पनि छलफल गरिएको थियो।
खाद्य तथा सार्वजनिक वितरण विभागले यी जिल्लाहरूमा सेवा प्रवाह सुधार गर्ने, जागरूकता अभियान सुरु गर्ने र बुनियादी ढांचा र भण्डारण सुधार गर्ने काम गर्ने मन्त्रालयले बताएको छ। खाद्य तथा सार्वजनिक वितरण विभागले शिकायत निवारणको लागि

राज्यहरूसँग नजिकबाट काम गर्नेछ र प्रभावकारी कार्यको लागि कृत्रिम बुद्धिमत्ता मार्फत लाभार्थीहरूबाट प्रतिक्रियाहरू सङ्कलन गर्नेछ।

**सारस मेला**

२७ औं सरस आजीविका मेला आज नयाँ दिल्लीमा शुरु हुँदैछ। यो मेलाले ग्रामीण महिलाहरूलाई आफ्ना उत्पादनहरू प्रदर्शन र बेच्नको लागि एक महत्त्वपूर्ण प्लेटफर्म प्रदान गर्दछ। देशका सबै राज्य र केन्द्र शासित प्रदेशहरूका स्व-सहायता समूहहरूसँग सम्बन्धित ४०० भन्दा बढी ग्रामीण महिलाहरूले मेलामा भाग लिनेछन्। यस वर्षको मेलाको विषयवस्तु, **लखपति दिदीहरू निर्माण गर्ने - ग्रामीण महिलाहरूलाई सफल उद्यमी र भोकल फर लोकलको च्याम्पियन बन्न सशक्त बनाउने रहेको छ।** पहिलो पटक, यो मेला पूर्ण रूपमा लखपति दिदीहरूले नेतृत्व गर्नेछन्। सारस मेला २२ सेप्टेम्बरसम्म चल्नेछ।

**दिल्ली उच्च अदालत एप**

दिल्ली उच्च न्यायलयले आफ्नो मोबाइल एप, न्यायिक अधिकारीहरूका लागि ई-एचआरएमएस पोर्टल, ई-अफिस पाइलट प्रोजेक्ट, ई-कोर्ट प्लेटफर्ममा नगर पुनरावेदन न्यायाधिकरण र किशोर न्याय बोर्डको समावेशसहित न्यायिक अभिलेखहरूको डिजिटल संरक्षण सुरु गरेको छ। यसको उद्देश्य न्यायपालिकालाई डिजिटल र प्राविधिक रूपमा बलियो बनाउनु हो।यी पोर्टलहरूको सुरुवातको क्रममा सर्वोच्च न्यायलयको ई-समितिका अध्यक्ष तथा न्यायाधीश विक्रम नाथ, दिल्ली उच्च न्यायलयका मुख्य न्यायाधीश देवेन्द्र कुमार उपाध्याय, दिल्लीका मुख्यमन्त्री रेखा गुप्ता र न्यायाधीश प्रतिभा एम. सिंह उपस्थित थिए।

**केरला - थिरु ओणम**

विश्वले आज थिरु ओणम मनाउँदैछ। यो केरलाको सबैभन्दा ठूलो पर्व हो र विगत केही दिनदेखि सम्पूर्ण राज्यमा उत्सवमय वातावरण छ

**तेलंगाना वर्षा**

तेलंगानाले वर्षा प्रभावित क्षेत्रहरूमा पुनर्स्थापना कार्यको लागि सहायताको रूपमा तत्काल 16 हजार सात सय 32 करोड़ रुपियाँ जारी गर्न केन्द्रलाई अनुरोध गरेको छ। उप मुख्यमन्त्री भट्टी विक्रममार्क र कृषिमन्त्री टी. नागेश्वर रावले हिजो नयाँ दिल्लीमा केन्द्रीय गृहमन्त्री अमित शाहलाई यस सम्बन्धमा विस्तृत ज्ञापन पत्र बुझाएका छन्। उहाँहरूले जानकारी दिएका छन् कि गत वर्ष खम्मम र अन्य जिल्लाहरूमा भारी वर्षाले 11 हजार सात सय 13 करोड़ रुपियाँको सम्पत्ति क्षति पुऱ्याएको थियो र त्यसको क्षतिपूर्ति दिन अहिलेसम्म कुनै विशेष कोष जारी गरिएको छैन। दुवै मन्त्रीले जानकारी दिए कि यस वर्ष भारी वर्षाका कारण पांच हजार करोड़ रुपियाँभन्दा बढीको क्षति हुने अनुमान गरिएको छ।

****** ० ******